# अध्यागमन ऐन, २०४९

<u>लालमोहर प्रकाशन मिति</u>

**२०४९।७।१७२**

<u>संशोधन गर्ने ऐन</u>

१. अध्यागमन (पहिलो संशोधन), २०५० — २०५०।६।२७

२. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ — २०५३।८।१२

## <u>अध्यागमन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>** : नेपाल राज्य भित्र विदेशीहरुको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित एवं नियन्त्रण गर्न तथा नेपाली नागरिकहरुको आगमन र प्रस्थानलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज बीरेन्द्र वीर विक्रम शाहदेव</u>को शासनकालको एक्काइसौं बर्षमा संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम “अध्यागमन ऐन, २०४९” रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-**

(क) “अध्यागमन” भन्नाले नेपाल राज्यभित्र विदेशीहरुको प्रवेश, उपस्थिति र प्रस्थान गर्ने प्रकृया सम्झनुपर्छ ।

(ख) “विदेशी” भन्नाले तत्काल नेपालको नागरिक नभएको जुनसुकै ब्यक्ति सम्झनु पर्छ ।

(ग) “राहदानी” भन्नाले कुनै राष्ट्रको सरकारले विदेश भ्रमणको लागि जारी गरेको राहदानी, ट्राभल डकुमेण्ट वा यस्तै भ्रमण गर्ने स्वीकृति प्रदान गरिएको अनुमति पत्र सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्र संघले जारी गरेको लेसेपेसे समेतलाई जनाउँछ ।

(घ) “भिसा” भन्नाले कुनै विदेशीलाई नेपाल राज्य भित्र प्रवेश, तथा उपस्थितिको लागि श्री नेपाल सरकारबाट दिइने अनुमति पत्र सम्झनु पर्छ ।

(ङ) “विभाग” भन्नाले नेपाल राज्य भित्र विदेशीहरुको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित गर्न तथा नेपाली नागरिकहरुको आगमन र प्रस्थानलाई ब्यवस्थित गर्न श्री नेपाल सरकारले स्थापना गरेको अध्यागमन विभाग सम्झनु पर्छ ।

(च) “कार्यालय” भन्नाले ीविभाग अन्तर्गतको अध्यागमन कार्यालय सम्झनु पर्छ ।

(छ) "महानिर्देशक" भन्नाले विभागको प्रमुख सम्झनु पर्छ ।

(ज) "अध्यागमन अधिकृत" भन्नाले विभाग र कार्यालयमा कार्यरत अधिकृत सम्झनु पर्छ र सो शब्दले कार्यालय प्रमुखलाई समेत जनाउँछ ।

(झ) "पदयात्रा" भन्नाले कुनै विदेशीद्वारा रात बिताउने गरी गरिने पैदल भ्रमण सम्झनु पर्छ र सो शब्दले हिम शिखर आरोहण गर्न जाने विदेशीद्वारा गरिने आधार शिविर सम्मको पैदल भ्रमण समेतलाई जनाउँछ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **प्रवेश, उपस्थिति र प्रस्थान सम्बन्धी व्यवस्था** : (१) कुनै पनि विदेशीले *राहदानी र भिसा नलिई नेपाल राज्य भित्र प्रवेश गर्न र नेपालमा बस्न पाउने छैन ।

(२) भिसाको प्रकार, दस्तूर तथा भिसा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) नेपाल राज्यको तोकिएको क्षेत्रमा पदयात्रा गर्न चाहने विदेशीले भिसाको साथै तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(४) पदयात्रा सम्बन्धी दस्तूर तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) कुनै पनि विदेशीले नेपाल राज्य भित्र प्रवेश गर्ने र नेपाल राज्यबाट प्रस्थान गर्ने स्थल तोकिए बमोजिम हुनेछ ।

(६) नेपाल राज्यबाट विदेशी प्रस्थान गर्ने वा नेपाल राज्यमा आउने नेपाली नागरिक हरुको प्रस्थान तथा आगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **विदेशीले पालन गर्नु पर्ने शर्तहरु** : (१) नेपाल राज्यमा बसोबास गर्ने विदेशीहरुले पालन गर्नु पर्ने शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(२) विदेशीलाई भिसा वा पदयात्राको लागि सेवा उपलब्ध गराउने ऐजन्सीले पालन गर्नु पर्ने शर्तहरु तोकिए बमोजिम हुनेछ ।

५. **जाली राहदानी वा भिसा प्रयोग गर्न नहुने** : (१) कसैले आफ्नो नाम, उमेर, राष्ट्रियता वा अन्य कुनै कुरा ढाँट्न, झुट्ठा विवरण दिन वा जाली राहदानी वा भिसा प्रयोग गर्न गराउन हुँदैन ।

---

* पहिलो संशोधनद्वारा थप ।

(२) कसैले जाली राहदानी वा भिसा पेश गरी नेपाल राज्य भित्र प्रवेश, उपस्थिति र नेपाल राज्यबाट प्रस्थान गर्न हुँदैन ।

*(३) विदेशी राज्यको सरकारबाट वा त्यस्तो सरकारद्वारा अधिकार प्राप्त अधिकारीबाट जारी गरिएको राहदानी र भिसा नभएको कुनै पनि विदेशीलाई कसैले नेपाल राज्य भित्र प्रवेश, उपस्थिति र प्रस्थान गराउन हुँदैन ।

६. **लिखत जाँच गर्न वा कब्जामा लिने सक्ने** : विदेशीको प्रवेश, उपस्थिति र प्रस्थानसँग सम्बन्धित लिखत अध्यागमन अधिकृत वा महानिर्देशकले तोकेको कर्मचारीले जुनसुकै स्थान र समयमा पनि जाँच गर्न सक्नेछ र तत्सम्बन्धी कागजपत्र आफ्नो कब्जामा लिन सक्नेछ ।

७. **महा-निर्देशकको काम, कर्तब्य र अधिकार** : महा-निर्देशकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल राज्यभित्र विदेशीहरुको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित, ब्यवस्थित र नियन्त्रण गर्ने, गराउने ।

(ख) विदेशीहरुलाई पदयात्रा गर्न अनुमति दिने ।

(ग) तोकिए बमोजिमको भिसा जारी गर्ने तथा भिसाको म्याद थप गर्ने ।

*(ग१) खण्ड (ख) बमोजिम दिइएको पदयात्रा अनुमति वा खण्ड (ग) बमोजिम जारी गरिएको वा म्याद थप गरिएको भिसा तोकिए बमोजिमको अवस्थामा रद्द गर्ने ।

(घ) नेपाली नागरिकको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने ।

(ङ) श्री नेपाल सरकारले समय समयमा दिएको निर्देशन अनुसार अन्य काम गर्ने, गराउने ।

८. **अध्यागमन सम्बन्धी अपराधको तहकिकात** : #(१) यो ऐन र यस ऐन अन्तरगत बनेको नियम विपरीत कुनै अपराध भए गरेको वा हुन लागेको कुरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विभाग वा कार्यालयलाई जानकारी हुन आएमा महानिर्देशकले तोकेको अध्यागमन अधिकृतले सो सम्बन्धी अपराधको तहकिकात र कारवाही गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अपराधको तहकिकात गर्दा वा सवूद प्रमाण संकलन गर्दा अपराधमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, अपराधको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिन, अपराधसँग सम्बन्धित कागजात वा अन्य माल वस्तु आफ्नो जिम्मामा लिन

---

* पहिलो संशोधनद्वारा थप ।
# पहिलो संशोधनद्वारा संशोधित ।

तथा सर्जमिन मुचुल्का तयार गर्न समेत प्रचलित कानून बमोजिम प्रहरीले पाए सरहको सबै अधिकार अध्यागमन अधिकृतलाई प्राप्त हुनेछ । त्यसरी तहकिकात गर्दा अध्यागन अधिकृतले #अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारेखमा राख्न, धरौट वा जमानत लिई छाड्न वा ϖअदालतको अनुमति लिई पच्चीस दिन सम्म थुनामा राख्न सक्नेछ ।

तर अध्यागमन अधिकृतले अपराधको तहकिकात शुरु गर्ने वित्तिकै सोको जानकारी महानिर्देशकलाई दिनुपर्नेछ ।

*(२क.) उपदफा (२) बमोजिम धरौट वा जमानत दिनुपर्ने अभियुक्तले धरौट वा जमानत दिन नसकेमा निजलाई थुनामा राख्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम तहकिकात गर्दा अध्यागमन अधिकृतले आवश्यक परेमा सरकारी वकीलको परामर्श लिन सक्नेछ ।

९. **निष्काशन गर्न सकिने** : (१) यस ऐन बमोजिम अध्यागमन अधिकृतले कुनै विदेशीको हकमा अपराधको तहकिकात पूरा गरी महा-निर्देशक समक्ष प्रतिवेदन पेश गरेपछि सो प्रतिवेदनको आधारमा महा-निर्देशकले तोकिए बमोजिम नियमित गर्नु पर्ने कुराहरुको हकमा नियमित गरी त्यस्तो विदेशीलाई श्री  नेपाल सरकारको स्वीकृति लिई अवधि तोकि वा नतोकि पुनः नेपाल राज्यमा प्रवेश गर्न नपाउने गरी नेपाल राज्यबाट निष्काशन गर्न सक्नेछ ।

*(१क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रचलित कानून विपरीत कार्य गरे वापत दण्ड सजाय भोगिसकेका भिसा लिनु पर्ने अवस्थाका विदेशीलाई महा-निर्देशकले श्री  नेपाल सरकारको स्वीकृति लिई अवधि तोकी वा नतोकी नेपाल राज्यबाट निष्काशन गर्ने आदेश जारी गर्न सक्नेछ ।

(२) #उपदफा (१) र (१क) बमोजिम निष्काशन गरिएको विदेशीले निष्काशन गरिएको अवधिसम्म नेपाल राज्य भित्र पुनः प्रवेश गर्न पाउने छैन ।

(३) निष्काशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **दण्ड सजाय** : (१) कसैले दफा ५ बमोजिमको अपराध गरे गराएमा निजलाई पचासहजार रुपैयाँसम्म जरिवाना वा पाँच बर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

ϖ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ द्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
# पहिलो संशोधनद्वारा संशोधित ।

(२) कसैले दफा ९ को उपदफा (२) को उल्लंघन गरे गराएमा निजलाई पहिलो पटक पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुई बर्षसम्म कैद वा त्यसपछि पुनः उल्लंघन गरेमा निजलाई पटकै पिच्छे पचास हजार रुपैयाँसम्म जरिवाना वा पाँच बर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(३) उपदफा (१) वा (२) अन्तर्गत सजाय हुने अपराधको मतियारलाई त्यस्तो अपराध गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ।

(४) माथिका उपदफाहरुमा लेखिए बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कसैले कुनै कार्य गरेमा *निजले तिर्नु पर्ने भनी ठहर भएको बिगो रकम समेत असूल गरी निजलाई महा-निर्देशकले #पचासहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

११. **पुनरावेदन दिन सक्ने** : दफा १० को उपदफा (४) बमोजिम सजाय भएकोमा चित्त नबुझ्ने पक्षले पैंतीस दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ।

१२. **नेपाल सरकार वादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा श्री नेपाल सरकार वादी हुनेछ।

#१३. **भिसा दस्तूर नलाग्ने** : यो ऐन वा प्रचलित कानून बमोजिम तहकिकातको क्रममा थुनामा परेको कुनै विदेशीको हकमा थुनामा रहेको अवधिसम्म र मुद्दा दायर गरिएको विदेशीको हकमा त्यस्तो मुद्दा दायर गरिएको दिनदेखि मुद्दाको फैसला भई कैदको सजाय भएकोमा कैद भुक्तान भएको दिनसम्म र जरिवाना मात्र भएकोमा जरिवाना बुझाएको दिनसम्मको भिसा दस्तूर लाग्ने छैन।

१४. **नेपाल सरकारको अधिकार** : (१) नेपाल सरकारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको सबै वा केही प्रावधानहरु कुनै वर्ग, जात, जाती वा राष्ट्रियताका विदेशीहरुलाई लागू नहुने वा तोकिएका शर्तहरु बमोजिम मात्र लागू हुने व्यवस्था गर्न सक्नेछ।

(२) नेपाल सरकारलाई नेपाल राज्य भित्र कुनै पनि विदेशीको प्रवेश, उपस्थिति वा प्रस्थानबाट राष्ट्रिय हित प्रतिकूल हुन सक्छ भन्ने लागेमा त्यस्तो विदेशीको प्रवेश, उपस्थिति वा प्रस्थान निषेध गर्न सक्नेछ।

१५. **अधिकार प्रत्यायोजन गर्न सक्ने** : यस ऐन बमोजिम महा-निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आफ्नो मातहतका अन्य अधिकृत वा कर्मचारीलाई सुम्पन सक्नेछ।

१६. **अन्य प्रचलित कानून अनुसार कारवाही गर्न बाधा नपर्ने** : यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति माथि अन्य प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन।

१७. **असल नियतले गरेकोमा बचाउ** : यो ऐन बमोजिम असल नियतले गरेको वा गर्न खोजेको कुनै कार्यको निमित्त क्षतिपूर्तिको दावी गर्न वा कुनै कर्मचारी उपर मुद्दा चलाउन वा अन्य कुनै कानूनी कारवाही चलाउन पाइने छैन ।

१८. **नियम बनाउने अधिकार** : यो ऐनको उद्देश्य पूर्तिको लागि श्री  नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

१९. **खारेजी र बचाउ** : (१) विदेशी सम्बन्धी ऐन, २०१५ खारेज गरिएको छ ।

(२) विदेशी सम्बन्धी ऐन, २०१५ र सो ऐन अन्तर्गतका नियमहरु बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।